Educational Journal
December, 2025, Volume-4, Issue-II
DOI: https://doi.org/10.3126/ej.v4i2.88558
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

बहुभाषिक कक्षाको नेपाली भाषा सिकाइ उपलब्धि

सुजन सोडारी
नेपाली शिक्षा विभाग,
त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर
sujan.sodari@sac.tu.edu.np

लेखसार

प्रस्तुत अध्ययनले सामुदायिक विद्यालयका बहुभाषिक कक्षामा नेपाली भाषा सिकाइ उपलब्धिको विश्लेषणमा केन्द्रित रहेको छ । यस अध्ययनमा सामुदायिक विद्यालयका कक्षाको भाषिक परिवेश पहिचान गर्नु र उक्त विद्यार्थीहरूको भाषिक सिकाइ उपलब्धि पत्ता लगाउनु मुख्य उद्देश्य रहेको छ । यसमा परिमाणात्मक ढाँचाको अनुप्रयोग गरिएको छ । यसमा उद्देश्यपूर्ण नमुना छनोट प्रक्रियामार्फत कक्षा पाँचमा अध्ययनरत ६० जना विद्यार्थीहरूलाई सहभागीका रूपमा छनोट गरिएको छ । यस अध्ययनमा प्रश्नावली र कक्षाकोठा अवलोकनमार्फत तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि शब्दभण्डार, वर्णविन्यास, व्याकरण, पठनबोध, निर्देशित लेखन र स्वतन्त्र लेखनका क्षेत्रमा २५ पूर्णाङ्कको प्रश्नपत्रको प्रयोग गरिएको छ । नेपालमा बहुभाषिक शिक्षासम्बन्धी नीतिहरू निर्माण गरिए पनि प्रभावकारी कार्यान्वयन नभएको, संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय प्रतिबद्धताका बाबजुद पनि राज्यको उदासीनताका कारण बहुभाषिक शिक्षा कार्यक्रम अलपत्र परेको देखिन्छ । सिकाइ उपलब्धि बढाउन बहुभाषिक कक्षाकोठामा सबै भाषाहरूलाई समान महत्त्व दिनुपर्ने र मातृभाषामा आधारित शिक्षण विधिलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । यस अध्ययनमा सहभागी विद्यार्थीहरूमध्ये ३० जना नेपाली मातृभाषी र ३० जना अन्य मातृभाषी (भोजपुरी, मैथिली, ठेठी, मगर, नेवार, राई, थामी, डोटेली, हिन्दी र लामा) बोल्ने रहेका छन् । उक्त कक्षामा जम्मा ११ वटा भाषीक प्रयोक्ता विद्यार्थीहरू भएकाले सहरी क्षेत्रमा अवस्थित सामुदायिक विद्यालयहरूका कक्षाहरु बहुभाषिक रहेको पाइएको छ । यसमा बहुभाषिक कक्षाकोठामा नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली इतर मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइ उपलब्धि क्षमता कमजोर रहेको पाइयो । प्रारम्भिक कक्षामा मातृभाषा आधारित बहुभाषिक शिक्षा लागू गर्न सके विद्यार्थीहरूको सिकाइ उपलब्धि, सहभागिता र आत्मविश्वासमा उल्लेखनीय सुधार ल्याउन सकिने निष्कर्ष निकालिएको छ ।

प्रमुख शब्दावली : *द्विभाषिक, बहुभाषिकता, बहुभाषिक कक्षा, भाषिक विविधता*

अध्ययनको पृष्ठभूमि

भाषा सिक्ने क्षमता मानवको जन्मजात विशेषता हो । मान्छे जन्मेपछि हुर्कदै जाने क्रममा विभिन्न भाषिक परिवेशसँग घुलमिल हुँदै जान्छ । सर्वप्रथम बालकले आमाको काखमा मातृभाषा/ पहिलो भाषा सिक्दछ भने पछि भिन्नभाषासँग सम्पर्कशील हुँदा दोस्रो भाषा सिक्न थाल्दछ । यसरी सिकिएका भाषाहरूमध्ये कुनै बेला मातृभाषा र कुनै बेला दोस्रो भाषाको प्रयोग व्यवहार गर्दै जान्छ । वस्तुतः दुईवटा भाषाको प्रयोग व्यवहार गर्ने स्थितिलाई द्विभाषिक स्थिति वा द्विभाषिकता भनिन्छ । कतिपय भाषा प्रयोक्ताले एकाधिक भाषा सिक्ने अर्थात् धेरै भाषामा विचार विनिमय गर्ने धेय राखेका हुन्छन् । फलस्वरूप उनीहरू एकाधिक भाषाको प्रयोग व्यवहार गर्न थाल्दछन् । अधिकारी (२०७४) को अनुसार बहुभाषिकताले आपसी सम्प्रेषणका लागि

दुईभन्दा बढी भाषाको उपयोग गर्ने स्थितिलाई जनाउँछ । दुईभन्दा बढी भाषा प्रयोग व्यवहार गर्ने स्थितिलाई बहुभाषिक स्थिति वा बहुभाषिकता भनिन्छ ।

नेपाल विविधताले भरिपूर्ण देश हो । वि. सं. २०७८ सालको जनगणना अनुसार नेपालमा १२४ वटा मातृभाषा प्रयोगमा रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । नेपालमा सार्वजनिक विद्यालयमा आधारभूत तहदेखि नै शिक्षाको माध्यम भाषा नेपाली रहँदै आएको छ । नेपालको सामाजभाषिक परिवेशअनुसार मातृभाषा वा बहुभाषिकतालाई शिक्षणको माध्यमका रूपमा प्रयोग गर्नु आवश्यक हुन्छ । नेपालजस्तो बहुभाषिक देशमा शिक्षा नीतिले नै राष्ट्रिय आवश्यकताहरू पूरा गर्न मातृभाषामा शिक्षा तथा बहुभाषिक शिक्षा अबलम्बन गर्नुपर्ने देखिन्छ । नेपालको सन्दर्भमा भाषाविद्हरूका विभिन्न अध्ययनअनुसार विद्यार्थीहरूको प्रारम्भिक चरणमा शिक्षा मातृभाषाका माध्यमबाट प्रदान गर्दा विद्यार्थीको सिकाइ उपलब्धि दर उच्च रहने कुरा व्यक्त गरिएको पाइन्छ (अधिकारी, २०७४) । बहुभाषिक शिक्षाले ज्ञान र अनुभवको स्थानान्तरणमा सहजीकरण गर्छ । यस क्रममा मातृभाषाका संज्ञानात्मक, भावनात्मक तथा मनोक्रियात्मक अनुभवहरूलाई अनुवाद गरी लक्ष्य भाषामा अन्तरण गर्न सकिन्छ । अधिकारी (२०७४) को अनुसार यो बहुभाषिक तथा बहुसांस्कृतिक परिवेशका लागि उपयोगीसिद्ध हुन्छ । भाषा शिक्षकले बहुभाषिक कक्षाको परिवेशलाई बोध गर्न सक्नुपर्दछ । बहुभाषिक कक्षाका समस्याहरूलाई पहिचान गरी समाधान गर्न सक्नुपर्दछ । यस किसिमका कक्षामा विविध सांस्कृतिक पृष्ठभूमि भएका बालबालिकाहरूको उपस्थिति रहेको हुन्छ । यसले संज्ञानात्मक क्षमताको संरक्षण गर्न मद्दत गर्छ । मातृभाषा सिकिसकेको सिकारुलाई अर्को भाषामा निपूर्ण बनाउन खोज्दा मातृभाषागत क्षमताहरू कमजोर हुने देखिन्छ । यसका लागि प्रारम्भिक चरणमा मातृभाषालाई प्रधान र लक्ष्य भाषालाई गौण तवरबाट प्रयोग व्यवहार गर्नुपर्दछ ।

बहुभाषिकताले भाषिक विविधताको सम्मान गर्ने हुँदा यसको उपयोग प्रभावकारी बन्छ । बहुभापिक शिक्षाले एउटै भाषा कक्षामा एकभन्दा बढी भाषाको प्रयोगलाई प्रोत्साहन गर्दछ । यसले बहुभाषिक कक्षा शिक्षणका समस्याको समाधानका रूपमा समेत भूमिका निर्वाह गर्छ । यसले सबै परिवेशमा मातृभाषाका माध्यमबाट शिक्षा व्यावहारिक नहुने स्थितिलाई सहजीकरण गर्छ (अधिकारी, २०७४) । यसरी भाषिक अधिकारको सम्मान गर्नु, शिक्षामा माध्यम र विषयका रूपमा बहुभाषिकतालाई सम्मान स्थान दिनुलाई पनि महŒवको रूपमा लिइन्छ । लोपोन्मुख र मातृभाषाको संरक्षण गर्नु, बहुभाषिक जनशक्तिको विकास गर्नु, समावेशी भाषा नीति अवलम्वन गर्नु आदि जस्ता कार्य गर्नुपर्ने भएकोले बहुभाषिक शिक्षाको आवश्यकता देखिन्छ । नेपालका सबै भाषाहरू लेख्य प्रयोगको दृष्टिले समृद्ध नरहेको, लिपि निर्माण गर्न कठिनाइ हुने गरेको तथा गहन अनुसन्धान हुन नसकेको कारणले बहुभाषी शिक्षा कार्यन्वयन गर्न थप चुनौती देखिएको छ।

भाषा प्रयोक्ताले सम्प्रेषणका निम्ति एकभन्दा बढी भाषाहरू प्रयोग गर्छ भने ऊ बहुभाषी भन्न पुग्छ । "नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो" (संविधान, २०७२, पृ. १) । व्यक्ति, समाज, राष्ट्रका निम्ति विविध आवश्यकता र चाहनाले बहुभाषिक समाज निर्माण हुन्छ । भाषिक प्रयोक्ता आफ्नो व्यक्तिगत कारण र भाषा नीतिका कारण द्विभाषिक र बहुभाषिक बन्ने अवस्था सिर्जना हुन्छ । यस अध्ययनमा काठमाडौँ महानगरपालिकाको सामुदायिक विद्यालयअन्तर्गत बहुभाषिक कक्षाको नेपाली भाषा सिकाइको उपलब्धिको बारेमा अध्ययन गरिएको छ ।

संविधानले मातृभाषामा शिक्षा दिने अधिकार सुनिश्चित गरे पनि पाठ्यपुस्तक, तालिमप्राप्त शिक्षक र शैक्षिक सामग्रीको अभावले यसको कार्यान्वयन चुनौतीपूर्ण बनेको छ । अहिलेको परिवेशमा

अंग्रेजी शिक्षा निजी विद्यालयहरूमा शिक्षण माध्यमकै रूपमा प्रयोग भइरहेकाले यसको प्रभाव अझै बढेको छ । मातृभाषामा शिक्षा नपाउँदा विद्यार्थीहरू भाषिक पहिचान गुमाउने, सिकाइमा कठिनाइ भोग्ने र सांस्कृतिक विच्छेदन हुने खतरा बढेको छ । यसैले नेपालमा भाषा शिक्षाको अवस्था बहुभाषिक समाजअनुसार जटिल बन्दै गएको छ र मातृभाषा शिक्षालाई सुदृढ नगरेसम्म धेरै भाषाहरू लोप हुने सम्भावना रहन्छ । बहुभाषिक शिक्षाको अवधारणा र अभ्यास बिच तालमेल मिलेको देखिँदैन् । जसले गर्दा बहुभाषिक शिक्षा कार्यन्वयन प्रभावकारी बन्न सकिरहेको छैन् (तामाङ र राई, सन् २०१३) । स्थानीय तथा राष्ट्रिय आवश्यकता र सन्दर्भलाई मध्यनजर गरी आफ्नो मुलुक सुहाउँदो भाषिक नीति बनाउनु पर्ने देखिन्छ । बहुभाषिक शिक्षाप्रति राज्यले अपनत्वबोध गरेको पाइँदैन् । संघीय नेपाल निर्माण पछि प्रत्येक प्रदेशको भाषिक नीति के हुने भन्ने कुरो पनि विचारणीय छ । भाषिक कठिनाइहरूले गर्दा बहुभाषिक कक्षामा भाषा शिक्षण सिकाइका क्रममा भाषिक समस्याहरू हुने गरेको पाइन्छ । बहुभाषिक कक्षामा भाषा सिक्दा देखापर्ने कठिनाइका क्षेत्र पहिचान गर्नु नै यस अनुसन्धानको प्राज्ञिक समस्या रहेको छ ।

अध्ययनको उद्देश्य

यस अध्ययनमा सामुदायिक विद्यालयका कक्षाकोठाको भाषिक परिवेश पहिचान गर्नु र उक्त कक्षाकोठाको भाषिक सिकाइ उपलब्धि पत्ता लगाउनु उद्देश्य रहेको छ ।

पूर्वकार्यको पुनरावलोकन

फ्याक (२०६९) ले बहुभाषिकताको बारेमा बहुभाषिकता विनाको शिक्षाले कसरी सामाजिक न्यायलाई प्रोत्साहन गर्छ भन्नेबारे विमर्श गरिएको पाइन्छ । पराजुली (२०७२) ले बहुभाषिक शिक्षामा बहुभाषिक स्थितिको पहिचान, बहुभाषिक शिक्षाको आवश्यकता र बहुभाषिक शिक्षाको कार्यान्वयनमा देखिएका चुनौती र समधानका उपायहरू पत्ता लगाउने उद्देश्य राखी अध्ययन गरेको पाइन्छ । रिमाल (२०७४) ले भाषिक विविधताको उपयोग सम्बन्धी अभ्यासहरूको विश्लेषण, भाषिक स्थिति र बहुभाषिकताको बारेमा विश्लेषण गरिएको छ । बम (सन् २०२१) ले बहुभाषिक पाठ्यक्रमको सान्दर्भिकतामा नेपालको भाषिक अवस्था, मातृभाषामा शिक्षा र बहुभाषिक शिक्षा, नेपालमा बहुभाषिक पाठयक्रम निमार्णको नीतिगत व्यवस्था, नेपालमा मातृभाषामा शिक्षाका लागि भएका प्रयास र नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकता समावेश गरी लेख लेखेका छन् ।

बहुभाषिकता सम्बन्धी गरिएका कार्यहरूको समीक्षण गर्दा केही सैद्धान्तिक र प्रायोगिक कार्यहरू सम्पन्न भएका देखिन्छन् । नेपालमा यसबारे अध्ययनको दायरा फराकिलो बनिसकेको देखिँदैन । यस नवीन आयमलाई आधार मानेर भाषा सिकाइको परिवेशमा आधारित रही अनुसन्धेय कार्य नभएकाले उक्त विषयलाई प्रमुख अध्ययनको रिक्तताको स्पष्ट खाका निर्माण गरेको छ । यसले गर्दा यो लेख तयार गर्ने स्पष्ट आधार प्राप्त भएको छ ।

सैद्धान्तिक अवधारणा

बहुभाषिकता नेपालको विशिष्ट विशेषता हो । नेपालमा सहरी क्षेत्रका विद्यालयहरूका कक्षाकोठा बहुभाषिक र बहुसांस्कृतिक रहेका छन् । नेपालमा भाषाप्रयोक्ताहरू अत्याधिक धेरै भाषाहरुसँग सम्पर्कशील रहेका पाइन्छन् । नेपालमा भाषा प्रयोगमा विविधता रहेको छ (पौडेल र भट्टराई, २०७७) । प्रयोगमा रहेका भाषाहरूमा संरचनागत र शैलीगत विविधता रहेको छ । यी भाषाहरूको भौगोलिक वितरण समेत बहुआयामिक देखा पर्छ ।

नेपालमा मातृभाषाका रूपमा प्रयोगमा रहेका भाषा सङ्ख्या, प्रयोगत परिवेश, प्रयोक्ता र भाषिक जीवन्तताका बारेमा वस्तुगत तथ्याङ्क भेटिँदैन् । जनगणनाको क्रममा लिइएका भाषाहरूको सङ्ख्या, प्रयोक्ता सङ्ख्या र प्रयोग परिवेशका बारेमा पनि एकरूपता पाइँदैन । नेपालका विभिन्न जातिभाषिक समुदायले परिस्थिति अनुसार विभिन्न भाषाको प्रयोग गर्दै आएका छन् । भाषा सामाजिक वस्तुमात्र नभएर शक्तिको स्रोत पनि भएकाले नेपालको एकीकरणभन्दा पहिलेदेखि नै भाषा प्रयोगको स्थितिमा परिवर्तन भएको पाइन्छ । वर्तमानमा जनगणना गर्दा समेत भाषिक तथ्याङ्कमा अनेकरुपता देखा पर्ने गरेको छ ।

नेपालमा भाषिक विविधता देखिए जस्तै विश्वमा नै भाषिक विविधता देख्न सकिन्छ । रिमाल (२०७४) ले युनेस्को (सन् २०१०) को सन्दर्भ दिँदै भनेका छन् : विश्वमा लगभग ७००० भन्दा बढी भाषाहरू बोलिन्छन् (पृ. १३) । राज्यहरूले भाषा प्रयोगको नीति तर्जुमा गर्दा एक भाषिक (जापन, कोरिया, फ्रान्स,..) तथा बहुभाषिक नीति (पपुआ न्युगिनी, भारत, फिलिपिन्स, मलेसिया, इन्डोनेसिया, पाकिस्तान आदि) अबलम्बन गर्ने गरेका देखिन्छन् । भाषाको एकभाषिक दृष्टिकोणमा एउटै भाषाले शिक्षा, सञ्चार र प्रशासनमा स्थान पाएका हुन्छन् । यस्तो नीतिमा अल्पसंख्यक वा सीमान्तकृत मानिसहरूको भाषालाई बेवास्ता गरिन्छ । उनीहरू बाध्यतावस आफ्नो अस्तित्व कायम राख्न राज्यको कामकाजी भाषा अपनाउन बाध्य पारिन्छन् । यस विपरित, बहुभाषिक दृष्टिकोणले सबै भाषाहरूको विकास र सशक्तीकरण गर्ने समान अवसर प्रदान गरेको हुन्छ ।

समाजमा दुई वा सोभन्दा बढी भाषाको प्रयोग व्यवहारबाट भाषिक कार्यसम्पादनार्थ बहुभाषिक शिक्षा आवश्यक मानिन्छ । नेपालमा फिन्ल्याण्ड सरकारको प्राविधिक सहयोगमा बहुभाषिक शैक्षिक कार्यक्रम' १५ जनवरी २००७ (१ माघ २०६३) देखि प्रारम्भ भएको पाइन्छ । बहुभाषिक शिक्षा निर्देशिका (२०६६) ले स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षालाई बहुभाषी शिक्षा भनिएको छ (तामाª र राई, २०१३) । बालकले आफ्नै भाषामा पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्न बहुभाषिक शिक्षालाई राज्यले नीतिगत रूपमा अवलम्बन गर्नु पर्दछ । बहुभाषिक शिक्षालाई प्रभावकारी बनाउन विद्यालयले बहुभाषिक कक्षाको व्यवस्था गर्नु पर्दछ । बहुभाषिक कक्षा शिक्षण विद्यालयका प्रारम्भिक कक्षाहरूमा निकै महŒवपूर्ण मानिन्छ ।

बहुभाषिक कक्षामा विद्यार्थीहरूको भाषिक पृष्ठभूमि फरक फरक रहेको हुन्छ । उनीहरूको गृह (घरेलु) भाषा र विद्यालयको भाषा भिन्न भिन्न हुनसक्छ । काठमाडौँ महानगरपालिकाका सामुदायिक विद्यालयहरूमा शिक्षणको माध्यम भाषाका रूपमा नेपाली र अङ्ग्रेजी भाषालाई प्राथमिकता दिइएको पाइन्छ । तर विद्यार्थीहरूको घरयसी कामकाजका निम्ति प्रयोग हुने नेवार, तामाङ, राई, भोजपुरी, मैथिली र शेर्पा आदि भाषा रहेका देखिन्छन् । साथै कक्षाकोठाभित्र विद्यार्थीहरू शिक्षण सिकाइमा असहज महसुस गर्ने गरेको भेटिन्छ । यसरी मातृभाषा र शिक्षाको माध्यम भाषा भिन्नभिन्नै हुँदा सिकाइ शिक्षण कार्य दुरुह बन्दै जान्छ (अधिकारी, २०७४) । यस्तो परिवेशमा विद्यालयमा घरेलु भाषाको प्रयोगमा प्रतिबन्ध लगाइदा शिक्षककहरूले पनि दवाब महसुस गर्छन् । यसरी माध्यम भाषाको मात्रै प्रयोग गर्दा सिकाइ क्षमतामा क्षयीकरण हुन थाल्छ । विद्यार्थी कक्षामा निष्क्रिय हुन्छ । यस्तो दवावपूर्ण अवस्थामा बालबालिकाले आधारभूत विद्यालयका प्रारम्भिक वर्षहरू बिताउँछन् ।

द्विभाषिक बालकहरूमा संज्ञानात्मक विकास, सामाजीकरण, भाषिक लचिलोपन राम्रो भएको अध्ययनहरूको निष्कर्ष रहेको छ । “द्विभाषिकतासम्बन्धी पछिल्ला अध्ययनहरूले एकभाषिकहरू भन्दा द्विभाषिकहरूको बौद्धिक क्षमता माथिल्लो रहेको देखाएका छन्” (अधिकारी, २०७४) । विद्यालयमा घरेलु

भाषाको अभाव हुँदा विद्यार्थीले अन्य विषयलाई बुझ्न कठिनाइ देखापर्दछ । यसैले उनीहरूको आधारभूत तहको शिक्षा नै दयनीय बन्दै जान्छ । यस्तो स्थितिमा भाषा शिक्षकलाई बहुभाषिक परिवेशमा भाषा शिक्षणबारे अधिगत हुनुपर्छ । विद्यार्थीको मातृभाषाको प्रकृति र भाषा सिकाइ रणनीतिबारे भाषा शिक्षकलाई जानकारी हुँदा सिकाइ सहजीकरण फलदाई बन्ने हुन्छ । कतिपय सिकारूहरू विद्यालयीय शिक्षा प्रारम्भ हुनुपूर्व नै आफ्नो मातृभाषा पहिलो भाषामा पारङ्गत भइसकेको हुन्छन् । उनीहरू मातृभाषाको प्रभावमा विद्यालयीय भाषा सिक्न सक्छन् । यस परिवेशमा भाषा सिकारुको मातृभाषालाई कक्षाकोठामा उचित सम्मान नदिइए विद्यालयीय भाषा सिक्न जटिल हुन्छ । विद्यालयका कक्षाकोठामा माध्यम भाषाका शब्दहरूका साथै अन्य भाषाहरूमा पनि सिकाउन सकिन्छ । विद्यार्थीले कक्षाकोठामा आफ्नो मातृभाषा प्रयोग गर्ने र सुन्न पाउने अवसर पाउनुपर्छ । घरको भाषाको मद्दतले बालबालिकाले विद्यालयको भाषा सजिलै सिक्न सक्छन् । धेरै सिकारुहरूले विद्यालय आउनु अघि घर र छिमेकमा भाषा सिकिसकेका हुन्छन् । यस परिवेशमा सीमान्तकृत समूहका बालबालिकाहरूको भाषा शिक्षण गर्दा तिनीहरूको भाषा अन्य विकसित भाषा जत्तिकै व्यवस्थित र समृद्ध छ । तिनीहरूको भाषाबाट सबै कुरा गर्न सम्भव छ भन्ने पक्षमा भाषा शिक्षक सचेत बन्नुपर्छ । बहुभाषिक समाज तथा भाषिक विविधतायुक्त समाजमा विद्यालय कक्षाहरू बहुभाषिक हुन्छन् । यस अवस्थामा कक्षाकोठामा विद्यार्थीहरूको भाषा स्वीकारिँदैन भने विद्यालयलाई नै स्वीकार नगरेको प्रतीत हुन्छ । भाषा शिक्षकले सबै भाषाहरूलाई समान महŒव दिनुपर्छ र कुनै पनि भाषालाई निम्न वा उच्च मान्नु हुँदैन ।

बालबालिकाले आधारभूत तहसम्म आफ्नो मातृभाषामा पढ्न पाउने अधिकारलाई नेपालको संविधान २०७२, शिक्षा ऐन (२०२८ संशोधन सहित) तथा नियमावली (२०५९ संशोधन सहित), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, पन्ध्रौ पञ्चवर्षीय योजना (वि.स. २०७६/७७ - २०८०/८१), स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५, साक्षरता अभियान २०७६ आदिले स्थापित गर्नुको साथै विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले स्थापित गरेको छ ।

भाषिक विविधताको उचित सम्बोधन गरी बालमैत्री वातावरणमा शिक्षण गर्दा बढी प्रभावकारी हुने गर्दछ । यस किसिमको शिक्षाले भाषिक आन्दोलन र भाषिक अधिकारप्रति सम्मान व्यक्त गर्ने हुन्छ । मातृभाषाको संरक्षण र सम्बर्द्धन गरी आधारभूत भाषिक सञ्चार सिपको विकास गर्न बहुभाषिक शिक्षाको आवश्यकता पर्दछ । वर्तमानमा शिक्षाविद्हरू र भाषासम्बन्धी जानकारहरू बहुभाषीकतालाई विद्यालय शिक्षाको माध्यमका रूपमा लिनुपर्नेमा जोड दिन्छन् । बहुभाषिकताले शैक्षिक उपलब्धि र संज्ञानात्मक वृद्धिमा सकारात्मक प्रभाव पार्दछ । नेपालका भाषाहरूको अध्ययनले द्विभाषिका वा बहुभाषिक बालबालिकाहरू एकभाषी बालबालिकाभन्दा बढी रचनात्मक र सामाजिक रूपमा सक्रिय हुने गरेको पाइन्छ ।

बहुभाषिकताको परिचय

नेपाल बहुभाषिक मुलुक हो । "दुई वा सोभन्दा बढी भाषाहरूको उपयोग हुने स्थितिलाई बहुभाषिकता भनिन्छ" (रिमाल, २०७५, पृ. ७) । बहुभाषी भनेको दुई वा बढी भाषाहरू प्रयोग गर्ने व्यक्ति हो । विश्वमा बहुभाषिक मानिसको सङ्ख्या एकभाषीहरूको तुलनामा धेरै छ । कुनै पनि व्यक्तिको ज्ञान र व्यक्तित्व विकासका लागि बहुभाषिकता निकै उपयोगी हुन्छ । दुईभन्दा बढी भाषा प्रयोग व्यवहार गर्ने स्थितिलाई बहुभाषिक भनिन्छ । कुनै पनि व्यक्तिले मातृभाषा जस्तै अरू एक वा सोभन्दा बढी भाषाको प्रयोग गर्नु नै बहुभाषिकता हो । "दुईभन्दा बढी भाषाको वैकल्पिक उपयोग गरी सम्प्रेषण

गर्न सक्ने सामार्थ्य नै बहुभाषिकता हो" (पौडेल, २०७४, पृ. १९) । सजिलैसँग दुई भाषा बोल्ने व्यक्तिलाई द्विभाषी भनिन्छ भने दुईभन्दा बढी भाषा सजिलैसँग बोल्ने व्यक्तिलाई बहुभाषिक भनिन्छ ।

नेपालको भाषा नीति

भाषानीतिलाई राज्यद्वारा भाषासम्बन्धी तयार पारिएको आधारभूत सिद्धान्त वा मान्यताका रूपमा बुझ्न सकिन्छ । "भाषाको संरक्षण, संवर्द्धन, विकास र स्तरीकरणका निम्ति राज्य वा सरकारले अँगाल्ने नीतिलाई नै भाषानीति भनिन्छ" (गिरी, २०१०, पृ. १९३) । देशमा बोलिने सम्पूर्ण भाषाहरूको विकासका लागि उचित कदम चाल्नु हरेक राष्ट्रको दायित्व पनि हो र त्यसका लागि प्रथमतः भाषासम्बन्धी नीति बनाउनु पर्दछ । अतः आआत्नो देशमा बोलिने भाषाको उचित विकास र संरक्षणका निमित्त हरेक राज्यले भाषाका सम्बन्धमा तय गरेको स्पष्ट भाषा नीतिलाई बुझ्न सकिन्छ । "मुलुकमा निहित भाषा र तिनको अवस्था, प्रयोगगत वैशिष्ट्यता, तिनको संरक्षण, संवर्द्धनका निम्ति चालेको आधिकारिक कदम एवम् कानुनी प्रावधान तथा मान्यता नै भाषानीति हो" (पौडेल र भट्टराई, २०७७, पृ. ५) । प्रायः देशहरूमा एकभन्दा बढी भाषाहरू प्रचलनमा रहेका छन् । यस्तो स्थितिमा प्रचलित भाषाहरूमध्ये राष्ट्र भाषा, सरकारी कामकाजको भाषा, स्तरीय भाषा, सम्पर्क भाषा, शिक्षा तथा सञ्चारको भाषा, आदिमध्ये कुन भाषालाई कस्तो स्तर प्रदान गर्ने, ती भाषाहरूलाई कुनकुन रूपमा प्रयोग गर्ने भन्ने सम्बन्धमा हरेक राष्ट्रले एउटा स्पष्ट नीति तयार पारेको हुन्छ जसलाई भाषा नीति भनिन्छ ।

भाषा नीति कुनै पनि राष्ट्रले आत्नो देशमा प्रचलित भाषाहरूका सम्बन्धमा अवलम्बन गर्ने नीति हो । भाषाको विकास, विस्तार र संरक्षण गर्न, देशमा प्रचलित भाषाहरूलाई सबल र समृद्ध बनाउन, भाषाहरूका बिचमा सामीप्यता कायम गर्न, विभिन्न भाषिक वक्ताहरू बिच अन्तर सम्प्रेषणीयता कायम गर्ने लगायतका विविध सन्दर्भमा भाषानीतिको आवश्यकता र महŒव रहन्छ ।

नेपालको पहिलो लिखित संविधान (वैधानिक कानुन, २००४) मा भाषाको नीतिगत व्यवस्था सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको पाइँदैन । वि.सं. २००७ सालमा 'अन्तरिम शासनविधान' नामक संविधान जारी गरिएको पाइन्छ । उक्त संविधान नेपाली र नेपालका अन्य भाषा सम्बन्धमा मौन रहेको देखिन्छ । यसै सन्दर्भमा वि.सं.२०१५ सालमा 'नेपाल अधिराज्यको संविधान २०१५' जारी गरिएको छ । यो संविधानको धारा ७० मा ''देवनागरी लिपिमा नेपाली भाषा राष्ट्रभाषा हुनेछ'' भन्ने राष्ट्रभाषा सम्बन्धी एकभाषिक नीति अवलम्बन गरेको पाइन्छ ।

पहिलो पटक २०१५ को संविधानले नेपाली भाषालाई राष्ट्रभाषाको मान्यता दिई भाषासम्बन्धी संवैधानिक व्यवस्थाको प्रारम्भ गरेको छ । यस संविधानले नेपाली भाषालाई संवैधानिक मान्यता दिए तापनि अन्य भाषाका सम्बन्धमा भने यो संविधान पनि मौन रहेको देखिन्छ । यस अर्थमा यो संविधानले एक भाषिक नीतिलाई अवलम्बन गरेको कुरा प्रष्ट हुन आउँछ ।

वि.सं. २०१९ सालमा 'नेपालको संविधान २०१९' जारी भएको छ । उक्त संविधानमा भाषासम्बन्धी "नेपालको राष्ट्र देवनागरी लिपिमा नेपाली भाषा हो, भाग-१ दफा -४" भन्ने उल्लेख गरिएको पाइन्छ । यसरी भाषासम्बन्धी उक्त संवैधानिक व्यवस्था पनि २०१५ को संविधानकै निरन्तरताका रूपमा रहेको छ ।

२०४७ पूर्वका केही संविधानमा नेपाली भाषाका बारेमा स्पष्ट दृष्टिकोण राखिएको भए पनि अन्य भाषाका विषयमा भने मौन रहेको हुँदा वि.सं. २०४७ साल अघिको भाषा नीति एकभाषिक

देखिन्छ । यसै सिलसिलामा 'नेपाल अधिराज्यको संविधान २०४७' जारी भएको देखिन्छ । यो संविधान नै नेपाली भाषाका साथै नेपालमा बोलिने अन्य भाषासम्बन्धी चर्चा गर्ने पहिलो संविधान बन्न पुग्यो । यस संविधानमा नेपालभित्र बोलिने भाषाहरूलाई राष्ट्र भाषा र राष्ट्रिय भाषामा विभाजन गरिएको पाइन्छ । संवैधानिक व्यवस्थालाई दृष्टिगत गर्दा पूर्ववर्ती संविधानको तुलनामा यस २०४७ को संविधानले नेपाली भाषाका साथै अन्य भाषाका सम्बन्धमा उदारता देखाएको पाइन्छ । यस संविधानले नेपालमा प्रथमतः बहुभाषिक नीति अबलम्बन गरेको पाइन्छ ।

नेपालमा वि.स. २०६३ सालमा 'नेपालको अन्तरिम संविधान २०६३' जारी भएको थियो । यस संविधानमा सर्वप्रथम नेपालीलगायत नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाको मान्यता दिएको थियो । यसले नेपालमा बोलिने सबै भाषाको विकास, संरक्षण र प्रोत्साहन गर्ने ध्येय राखी बहुलवादी भाषानीति अवलम्बन गरेको पाइन्छ । यस संविधानमा व्यवस्था गरिएका कुराहरूलाई दृष्टिगत गर्दा राज्यले यसभन्दा अघिका संविधानमा गरेका विभेदकारी भाषा नीतिको अन्त्य गरी बहुलवादी भाषा नीति अवलम्वन गर्न पुगेको देखिन्छ ।

नेपालमा २०७२ सालबाट 'नेपालको संविधान २०७२' जारी भएको छ । यस संविधानले नेपालमा बोलिने सबै मातृभाषाका बिच समान महŒव स्थापित गर्न खोजेको छ । यसले उदार भाषा नीति अवलम्बन गरेको छ । यस संविधानसँगै नेपालमा नेपाली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा उल्लेख गरेको छ भने हरेक प्रदेशले नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई समेत प्रदेश कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने कानुनी व्यवस्था अघि सारेको छ । त्यस्तै आफ्नो मातृभाषामा शिक्षा पाउने, हरेक समुदायलाई आफ्नो भाषा, साहित्य, संस्कृति आदिको संरक्षण र विकास गर्ने जस्ता कुराहरूलाई पनि संविधानमा उल्लेख गरिएको पाइन्छ । यस संविधानमा भाषा सम्बन्धी बहुलतावादी एवम् बहुभाषिक दृष्टिकोण अवलम्बन गरिएको छ । यसमा सरकारी कामकाजको भाषाका लागि मान्यता पाउने आधार तय गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने, भाषाहरूको विकास, संरक्षण र सम्बर्द्धनका लागि उपाय अवलम्वन गर्ने, मातृभाषाको विकासको स्तर मापन गरी शिक्षामा यसको संभाव्यताबारे नेपाल सरकार समक्ष सुझाव पेस गर्ने, भाषाहरूको अध्ययन, अनुसन्धान, अनुगमन गर्ने र नेपाल सरकारले प्रदेश सरकारसँग समन्वय गरी प्रदेशमा भाषा आयोगको स्थापना गर्न सक्ने जस्ता अधिकारहरू तोकि भाषा आयोगको गठन गर्ने नीतिगत व्यवस्था समेत अबलम्वन गरेको छ ।

वस्तुतः वि.सं. २००४ र २००७ मा निर्मित संविधानमा भाषाको नीतिगत व्यवस्थाबारे कुनै कुरा उल्लेख गरिएको पाइँदैन । वि.सं. २०१५ को संविधानले पहिलो पटक नेपाली भाषालाई मात्र संवैधानिक मान्यता प्रदान गरेको देखिन्छ । वि.सं. २०१९ को संविधानले पनि नेपाली भाषालाई राष्ट्रभाषाका रूपमा स्थापित गरेको पूर्ववर्ती संवैधानिक व्यवस्थालाई निरन्तरता दिएको पाइन्छ । वि.सं. २०४७ सालको संविधानले भने नेपालीका साथै नेपालका अन्य भाषाको विकासमा केही उदारता देखाएको पाइन्छ । वि.सं. २०६३ र २०७२ मा निर्मित संविधानमा नेपाली र नेपालका अन्य भाषाको नीतिगत व्यवस्थाबारे बहुभाषिक नीति अवलम्बन गरिएको पाइन्छ । वर्तमान संविधान भाषिक अधिकारका बारेमा निकै उदार देखिए पनि भाषाबारे विश्वसनीय तथ्याङ्क नहुँदा तथा राष्ट्रिय स्तरको बहुभाषिक नीति तय नहुँदा भाषिक अधिकारलाई सुनिश्चित गर्न सकेको देखिँदैन ।

भाषाका विकास, संरक्षण र सम्बर्धन गर्ने सन्दर्भमा राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन (वि.सं. २०५०) ले शिक्षाको माध्यम भाषाका सन्दर्भमा प्राथमिक तहमा शत प्रतिशत

मातृभाषी विद्यार्थी भएमा मातृभाषा, दुई भाषाका विद्यार्थी भएमा द्विभाषिक शिक्षा र बहुभाषी विद्यार्थीको जमघट भएमा राष्ट्रभाषा माध्यम उपयुक्त हुने सुझाव दिएको पाइन्छ । यसको आशय नेपाली भाषा बहुभाषिक कक्षामा माध्यम भाषाका रूपमा प्रयोग गर्नु उपयुक्त हुन्छ भन्ने देखिन्छ । नेपालमा बहुभाषिकताबारे विविध प्रकाशनगृहहरूले यथेस्ट स्थान दिएको पाइन्छ । यसै सन्दर्भमा "वि.स. २०६० सालबाट गोरखापत्रले बहुभाषिक पृष्ठलाई स्थान दिइ सूचना तथा सञ्चारको क्षेत्रमा बहुभाषाको प्रयोग भएको पाइन्छ" (पौडेल र भट्टराई, २०७७, पृ. ३४) । "स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियामवली २०५६ लागू भएपछि काठमाडौँ नगरपालिका (?) ले नेवार भाषा र धनुषा तथा राजविराज नगरपालिकाले मैथिली भाषा लागू गरेका थिए" (पौडेल र भट्टराई, २०७७, पृ. १८) ।

बहुभाषिक कक्षामा शिक्षण सिकाइको माध्यम भाषाका सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) ले आधारभूत तह (कक्षा १-३) मा शिक्षाको माध्यम मातृभाषा र विद्यालय तहमा शिक्षण सिकाइको माध्यम नेपाली, अङ्ग्रेजी वा दुवै माध्यम हुन सक्ने व्यवस्था गरेको पाइन्छ । यसले बहुभाषिक कक्षामा विद्यार्थीको आवश्यकताअनुसार माध्यम भाषाका रूपमा मातृभाषा, नेपाली र अङ्ग्रेजी दुवै उपयोग गर्न सकिने उल्लेख गरिएको देखिन्छ । तर बहुभाषिक शिक्षा कार्यक्रम (२०६३) कार्यान्वयन गर्न खोजिएता पनि बिचमा नै अलपत्र परेको छ ।

नेपालको बहुभाषिक यथार्थता स्वीकार गरी मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गर्न बहुभाषिक शिक्षाको थालनी भएको थियो । कक्षामा देखिने बहुभाषिक उपस्थितिको सम्बोधन गर्न बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६) कार्यान्वयनमा ल्याइएको भए पनि बहुभाषिक शिक्षाको वास्तविक मर्मबोध हुन नसकेकाले एकल भाषिक कक्षाका लागि एकलभाषिक चिन्तन (१-३ कक्षासम्म मातृभाषा माध्यम) मा केन्द्रित देखिन्छ ।

कम्तीमा १-३ कक्षासम्म पढाइ हुने विद्यालय कक्षामा रहेका विद्यार्थीले मातृभाषामा शिक्षा पाउने (विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२) सुनिश्चितता कायम गरेको देखिन्छ । विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३) योजनाले एक कक्षामा भिन्न भाषिक परिवेशका विद्यार्थीहरूको सङ्ख्या १५-२० सम्म भएमा शिक्षण सिकाइका क्रममा सबै भाषाको सम्मान हुने गरी माध्यम भाषा प्रयोग गर्नु पर्ने रणनीति तय गरेको देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति (२०७६, दफा १०.८.१) ले एकातिर आधारभूत तहमा बालबालिकाको मातृभाषाका साथै गणित र विज्ञान विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने (दुईभन्दा बढी भाषालाई सँगसँगै सिकाउने बहुभाषिक शिक्षा) व्यवस्था उल्लेख गरेको छ । बहुभाषी कक्षा कोठामा मातृभाषामा आधारित बहुभाषिक शिक्षण पद्धति (कक्षा १-३ सम्म मात्र मातृभाषा माध्यम, छिटो निर्गमन सङ्क्रमणीय ढाँचा) लाई प्रोत्साहित गर्ने (दफा १०.८.४) व्यवस्था गरेको देखिन्छ ।

नेपालको संविधान २०७२ र शिक्षा ऐन सातौँ संशोधन (२००२) ले पनि प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हकको प्रत्याभुत गरेको छ । विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) मा "कक्षा तीनसम्म मातृभाषालाई शिक्षाको माध्यम तथा कक्षा चार र पाँचमा मातृभाषालाई शिक्षाको माध्यमको रूपमा नेपाली भाषामा शिक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ" । "राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन २०५०, राष्ट्रिय भाषामा प्राथमिक शिक्षा समितिको प्रतिवेदन २०५४, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५, शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८, द्वैभाषिक शिक्षासम्बन्धी

अध्ययन प्रतिवेदन २०५९ (२००१), आदिले मातृभाषामा शिक्षा अर्थात् बहुभाषिक शिक्षाको लागि सिफारिस गरेका छन्" (तामाङ र राई, २०१३) ।

"भाषाबारे गम्भिर चासो राख्दै स्थानीय स्तरमा मातृभाषाहरुको प्रयोग विस्तारमा जोड दिनुपर्छ र अति लोपोन्मुख भाषाका वक्तालाई नै बचाउनेतर्फ उन्मुख हुन आवश्यक छ । किनकि भाषा राष्ट्रको सम्पदा, हाम्रो गौरव हो र पहिचानको आधार हो" (योन्जन तामाङ २०७४, पृ. २३) । जातिगत भाषाको रुपमा नलिई राष्ट्रिय सम्पत्तिको रुपमा लिनु पर्ने कुरा व्यक्त भएको पाइन्छ । संविधानमा व्यवस्था भएअनुसार बहुभाषिक नीति निर्माण गरी लागू भएको देखिँदैन् । नीतिगत व्यवस्था भए पनि कार्यान्वयन पक्ष अत्यन्तै कमजोर रहको पाउन सकिन्छ । बहुभाषिक शिक्षाको सैद्धान्तिक अवधारणा र व्यवहार बिच कुनै तालमेल मिलेको देखिँदैन् । यसले गर्दा बहुभाषिक शिक्षा कार्यन्वयन प्रभावकारी बन्न सकिरहेको छैन् । स्थानीय तथा राष्ट्रिय आवश्यकता र सन्दर्भलाई मध्यनजर गरी आफ्नो मुलुक सुहाउँदो भाषिक नीति बनाउनु पर्ने देखिन्छ । बहुभाषिक शिक्षाप्रति राज्यले अपनत्वबोध गरेको पाइँदैन् । यसका लागि स्थानीय ज्ञान, विज्ञान र सिपलाई विशिष्टीकृत बनाएर सामाजिक तथा आर्थिक रूपान्तरणको बलियो आधार तयार गर्नुपर्ने हुन्छ । वस्तुतः यसका कार्यान्वयन गर्न शिक्षामा बालबालिकाहरूको आवश्यकतालाई पहिलो प्राथमिकता दिनुपर्छ ।

बहुभाषिकताका सन्दर्भमा मातृभाषी शिक्षा

विद्यार्थीले बुझ्ने र बोल्ने मातृभाषामा शिक्षा पाउँदा सिकाइ सहज, प्रभावकारी र आत्मविश्वासपूर्ण हुन्छ । "आमाको काखमा रमाउँदै होस् या परिवारमा तातेताते गर्दै पहिलो पटक प्राकृतिक र स्वतन्त्र तवरले सिकेको भाषा नै मातृभाषा हो" (पौडेल र भट्टराई, २०७७, पृ. ३८) । आमाको काखमा सिकिने भाषालाई मातृभाषा भनिन्छ । "मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइका माध्यम भाषाका रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ" (शैजविके, २०७२, पृ.४) । नेपाल सरकारका नीति तथा योजनाहरूले वि.स २०४७ पछि मातृभाषामा आधारित आधारभूत शिक्षालाई अवलम्बन गर्ने कुरामा जोड दिएको छ । तर, शिक्षाको माध्यम भाषाको रूपमा नेपाली भाषाको प्रयोग अझै पनि अधिक भइरहेको छ । "विशेष गरी प्रारम्भिक तहका कक्षाहरूमा मातृभाषिक संरचना (ध्वनि, वर्ण, शब्दभण्डार, वाक्य संरचना र बोध) का कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विद्यार्थीको आकर्षणसमेत बढ्ने कारणले मातृभाषाका माध्यमबाट पठनपाठन गर्न उपयुक्त हुने कुरा अध्ययनहरूले औँल्याएका छन्" (विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पृ. १३) ।

शिक्षा विभाग (२०७२) ले प्राथमिक तहमा कक्षाकोठामा पठनपाठन र सिकाइ क्रियाकलापमा शिक्षाको माध्यमका रूपमा ६९ स्थानीय भाषाहरू प्रयोग हुने गरेको देखाएको छ । शिक्षा विभाग (२०७२) का अनुसार शैक्षिक सत्र २०७१-०७२ मा ३० हजारभन्दा अलि बढी सामुदायिक विद्यालयका २९ हजार १३३ कक्षाकोठामा यी भाषाहरू प्रयोग भइरहेका छन् । हाल मैथिली, तामाङ, डोटेली, अवधी, भोजपुरी, थारु, मगर, लिम्बू, बाज्जिका लगायतका भाषाको प्रयोग हुने गरेको छ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) र सबै राष्ट्रिय कार्ययोजना (२०५८-२०७२) को लागि शिक्षाद्वारा परिकल्पना गरिएको मातृभाषामा आधारित बहुभाषिक शिक्षा दिशानिर्देश अभ्यास गर्न थालिएको छ, तर यो कम प्रभावकारी रहेको कुरा विभिन्न सरोकारवलाहरूले व्यक्त गर्ने गरेको पाइन्छ । युनेस्को (सन् २००८) को प्रतिवेदनमा उल्लेख गरेअनुसार "मातृभाषाका माध्यमबाट सिकाइ गर्ने अवसर

पाएका बालबालिकाहरूमा आत्मबल बलियो हुने, काम गर्ने प्रेरणा जाग्ने, कक्षालाई प्रभावकारी रूपमा सम्बोधन गर्न सक्ने, समयको सदुपयोग हुने, शैक्षिक उपलब्धि राम्रो हुने र ज्ञानात्मक क्षेत्र समेत राम्रो भएको कुरा व्यक्त गरको पाइन्छ" (रिमाल २०७४, पृ. ११) ।

पाठ्यक्रम विकास केन्द्रद्वारा मैथिली, भोजपुरी, अवधी, तामाङ, लिम्बू, राई बान्तवा, राई चाम्लिङ, शेर्पा, मगर (ढुट), नेवार (नेपाल भाषा), गुरुङ, थारु, सुनुवार, राजवंशी, मुगाली, याक्खा, थारु (मध्य क्षेत्र), तामाङ सम्भोटा लिपि, धिमाल, मगर (अथार), बज्जिका, कुलुङ, चेपाङ, खालिङ राई, रानाथारु, माझी र उर्दू गरी २७ वटा मातृभाषाका पाठ्यपुस्तकहरू (कक्षा १-५) निर्माण गरी हाल नेपालमा लागू भइरहेको छ (पाठ्यक्रम विकास केन्द्र, २०८०) । उक्त संस्थाले विभिन्न मातृभाषामा बाल सन्दर्भ सामग्रीहरू निर्माण गरेको र स्थानीय तहले पनि ठाउँ विशेष हेरी अन्य मातृभाषामा पनि पाठ्यपुस्तकहरू निर्माण गरी कार्यान्वयन गरेको पाइन्छ । यसरी शैक्षिक जनशक्ति विकास केन्द्रले तालिम प्याकेजहरू विकास गरिएको छ, जुन १० दिने शिक्षक व्यावसायिक विकास मोड्युल तालिमहरू शिक्षा विभागमार्फत लागू गरिएको छ । यसका अतिरिक्त प्रारम्भिक कक्षाका लागि केही स्थानीय भाषाहरूमा विकसित पाठ्यपुस्तकहरू छन् ।

अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत लेखमा निम्नानुसारको अध्ययन विधि र प्रक्रिया अवलम्वन गरिएको छ :

परिमाणात्मक अनुसन्धान ढाँचा : यो लेख तयारीका क्रममा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा भाषिक परिवेश पत्ता लगाउन सर्वेक्षण विधि र सिकाइ उपलब्धि पत्ता लगाउन वर्णनात्मक तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरिएको छ ।

नमुना छनोट : यसमा विद्यालय छनोट गर्दा असम्भावनायुक्त नमुना छनोट अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरिएको छ । जसका आधारमा आ.व. २०८०/०८१ का सरस्वती माध्यामिक विद्यालय, कोटेश्वर, काठमाडौँमा कक्षा पाँचमा अध्ययनरत ६० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

तथ्याङ्क सङ्कलन : प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतबाट सामग्री सªकलन गरिएको छ । यसमा तथ्याङ्क सङ्कलनका लागि संरचित प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरूलाई वर्गीकरण गरी तालिकामार्फत प्रस्तुत गर्दै प्रतिशत र अंकको आधारमा विश्लेषण गरिएको छ । यसबाट विभिन्न भाषाको प्रयोग गर्ने विद्यार्थीहरूको सङ्ख्या र अनुपात स्पष्ट पारिएको छ । यस अध्ययनका लागि कक्षा पाँचका निम्ति निर्माण गरिएको विशिष्टीकरण तालिकामा आधारित भई शब्दभण्डार (४), वर्णविन्यास (२), व्याकरण (७), पठनबोध (४), निर्देशित लेखन (४), स्वतन्त्र लेखन (४) गरी जम्मा २५ पूर्णाªकको प्रश्नपत्र तयार गरी विद्यार्थीहरूलाई १ घण्टा समय दिइ नेपाली भाषा सिकाइ उपलब्धिको परीक्षण गरिएको छ ।

व्याख्या र विश्लेषण

काठमाडौँ महानगरपालिकामा कक्षाको परिवेश

नेपालका विभिन्न प्रदेशबाट विभिन्न भाषिक सांस्कृतिक पृष्ठभूमि भएका बालबालिका काठमाडौँका विद्यालयमा आएका हुन्छन् । यहाँ विशेष गरी सामुदायिक र संस्थागत विद्यालयहरू रहेका छन् । काठमाडौँ जिल्लाका काठमाडौँ महानगरपालिकाका सामुदायिक विद्यालयअन्तर्गत कक्षा पाँचसम्म

पढाइ हुने विद्यालयहरू ८७ (कक्षा १ देखि ५ सम्म ७ वटा, कक्षा १ देखि ८ सम्म २२ वटा, कक्षा १ देखि १० सम्म २० वटा, १ देखि १२ सम्म ३८ वटा) वटा रहेका छन् (जिल्ला शिक्षा समन्वय एकाइ, काठमाडौँ, २०८०) । अहिले सरकारी विद्यालयमा भाषिक र सांस्कृतिक विविधता मात्रै नभएर सामाजिक-आर्थिक पृष्ठभूमिमा आधारित वर्गीय भिन्नता पनि भेटाउँन सकिन्छ । सरकारी विद्यालयहरूमा निम्न र मध्यम वर्गका बालबालिका बढी रहेका छन् । यही भाषिक र सांस्कृतिक विविधताबाट, बहुभाषिक दृष्टिकोणले पनि मिश्रित संस्कृतिको विकास भएको देखिन्छ । विद्यालयमा बालबालिकाहरू स्वतन्त्र रूपमा एक अर्कासँग बोल्ने, खेल्ने तथा रमाउँने गर्छन् । कक्षाइतर परिवेशमा उनीहरू सहज तरिकाले आफ्ना क्रियाकलापमा सरिक हुन्छन् । तर कक्षाकोठाको गतिविधिमा धेरैजसो बालबालिकाहरू मौन हुन्छन् । किनभने कक्षाको वातावरण भाषा प्रयोगको दृष्टिकोणले प्रतिकूल हुन्छ । विद्यार्थीलाई माध्यम भाषामा शिक्षा ग्रहण गर्नै पर्ने बाध्यात्मक स्थिति निर्माण गरिएको हुन्छ । त्यसैले विद्यार्थीका लागि मैत्रीपूर्ण र सम्मानजनक भाषिक व्यवहारसहितको अनौपचारिक वातावरण उपलब्ध गराउन आवश्यक देखापर्छ । प्राथमिक कक्षामा विद्यार्थीहरू मूलधारमा आउनका लागि घरेलु भाषा र कक्षाको भाषा (औपचारिक र मानक) सँग जोडिन सक्नुपर्छ । काठमाडौँ महानगरपालिकाका सबै विद्यालयमा अध्ययन गर्ने बालबालिकाको लागि स्थानीय पाठ्यक्रमअन्तर्गत एकल नेवार भाषा (नेपाल भाषा) विषय अनिवार्य गरिएकोमा यो पनि एकल भाषिक अभ्यासको निरन्तरता दिएको पाइन्छ ।

यसले विद्यार्थीहरूले कक्षामा सिकाइ अनुकूलको वातावरण प्राप्त गर्न सक्दैनन् । जसकारण शैक्षिक उपलब्धि हाँसिल गर्न अझ कठिन हुन्छ । यस अध्ययनमा काठमाडौँ महानगरपालिका भित्रको सरस्वती माध्यामिक विद्यालय, कोटेश्वरमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहय्को बहुभाषिकताको बारेमा सर्वेक्षण गर्दा निम्नानुसार विवरण प्राप्त भएको छ :

तालिका नं. १

सरस्वती माध्यमिक विद्यालयका कक्षाकोठाको भाषिक परिवेश

क्र सं	भषा	प्रयोक्ता सङ्ख्या	प्रतिशत
१.	नेपाली	३०	५०.००
२	भोजपुरी	११	१८.३४
३	मैथिली	५	८.३४
४	ठेठी	४	६.६७
५	मगर	३	५.००
६	नेवार	२	३.३४
७	राई	१	१.६७
८	डोटेली	१	१.६७
९	हिन्दी	१	१.६७
१०	लामा	१	१.६७
११	थामी	१	१.६७
	जम्मा	६०	

तालिका नं. १ अनुसार भाषिक परिवेशलाई आधार मानेर हेर्दा कक्षा पाँचमा जम्मा ६० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । उक्त कक्षामा ११ वटा मातृभाषा प्रयोग गर्ने विद्यार्थीहरू रहेको पाइयो । जसमध्ये सबैभन्दा बढी ३० जना नेपाली मातृभाषा विद्यार्थी रहेको पाइयो । नेपाली इतर मातृभाषी विद्यार्थी ३० जना रहेको पाइयो । यसरी पहिलो नेपाली भाषी बाहेक ५० प्रतिशत नेपाली इतर मातृभाषी विद्यार्थी उक्त कक्षाकोठामा रहेको पाइयो । उक्त विद्यालयको विद्यार्थीहरूलाई हेर्दा जम्मा विद्यार्थी सङ्ख्या ६० जनामा ३० जना नेपाली भाषी रहेको र बाँकी ३० जना नेपाली इतर मातृभाषी (भोजपुरी, मैथिली, ठेठी, मगर, नेवार, राई, थामी, डोटेली, हिन्दी, लामा) बोल्ने भाषिक प्रयोक्ता रहेको पाइन्छ । उक्त कक्षामा जम्मा ११ वटा मातृभाषी विद्यार्थीहरू उपस्थित रहेको पाइयो । वस्तुतः सहरमा अवस्थित सामुदायिक विद्यालयहरूको कक्षाकोठा भाषिक विविधतायुक्त हुन्छ ।

तालिका २

बहुभाषिक कक्षाको भाषा सिकाइ उपलब्धि

भषा	विद्यार्थी सङ्ख्या	विषय क्षेत्र						जम्मा
		शब्दभण्डार (४)	वर्णविन्यास (२)	व्याकरण (७)	पठनबोध (४)	निर्देशित व्रन	स्वतन्त्र लेखन	(२५)

						)	(४)		
नेपाली	३०	८२	२८.५	११४.५	८५	३८	२४	३७२	प्राप्ताङ्कको योगफल (प्रा.यो.)
		२.७३	०.९५	३.८२	२.८३	१.२७	०.८	१२.४	प्राप्ताङ्कको औसत (प्रा.औ.)
भोजपुरी	११	३२.५	१०.५	३५.५	३१.५	८	६	१२४	प्रा.यो.
		२.९५	०.९५	३.२३	२.८६	०.७३	०.५५	११.२७	प्रा.औ.
मैथिली	५	१०	३.५	१४	११	०	०	३८.५	प्रा.यो.
		२	०.७	२.८	२.२	०	०	७.७	प्रा.औ.
ठेठी	४	१३.५	४	१७.५	१२	८.५	३	५८.५	प्रा.यो.
		३.३८	१	४.३८	३	२.१३	०.७५	१४.६४	प्रा.औ.
मगर	३	५.५	१	११.५	८.५	२	०.५	२९	प्रा.यो.
		१.८३	०.३३	३.८३	२.८३	०.६७	०.१७	९.६६	प्रा.औ.
नेवार	२	३.५	२	६	३.५	३.५	३.५	२२	प्रा.यो.
		१.७५	१	३	१.७५	१.७५	१.७५	११	प्रा.औ.
राई	१	४	१	३	३.५	२.५	१	१५	प्राप्ताङ्कको योगफल र औसत (प्रा.यो.औ.)
थामी	१	२.५	०.५	३	३	०	०	९	प्रा.यो.औ.
डोटेली	१	३	०.५	२	२	०	०	७.५	प्रा.यो.औ.
लामा	१	१.५	०.५	१	१	०	१	४	प्रा.यो.औ.
हिन्दी	१	३	०.५	१.५	२.५	०	१	८.५	प्रा.यो.औ.

तालिका नं. २ अनुसार शब्दभण्डारअन्तर्गत तुलनात्मक रुपमा ठेठी भाषा प्रयोक्ताको औसत राम्रो देखिन्छ भने सबैभन्दा औसत कम लामा भाषा प्रयोक्तामा रहेको छ । वर्णविन्यासअन्तर्गत सबैभन्दा औसत बढी ठेठी, नेवार, राई भाषा प्रयोक्ता देखियो भने सबैभन्दा औसत कम मगर भाषी रहेको छ । व्याकरणमा सबैभन्दा बढी ठेठी भाषी प्रयोक्ता र कम लामा भाषी रहेको पाइन्छ । पठनबोधमा सबैभन्दा बढी राई भाषी र कम लामा भाषी देखिन्छ । निर्देशित लेखनमा सबै भन्दा बढी राई भाषी र कम थामी, डोटेली, लामा र हिन्दी भाषी प्रयोक्ता रहेको छ । स्वतन्त्र लेखनमा सबैभन्दा बढी नेवार भाषी र कम थामी, डोटेली र लामा भाषी देखिन्छ ।

नेपाली भाषी र नेपाली इतर मातृभाषी बिच तुलना गर्दा नेपाली भाषी विद्यार्थीहय्ले शब्दभण्डारमा प्राप्त गरेको जम्मा प्राप्ताङ्क ८२, औसत प्राप्ताङ्क २.७३ र नेपाली इतर मातृभाषी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क ७९, औसत प्राप्ताङ्क २.६३ रहेको पाइन्छ।यसरी नेपाली भाषी विद्यार्थीहय्ले वर्णविन्यासमा जम्मा प्राप्ताङ्क २८.५, औसत प्राप्ताङ्क ०.९५ र नेपाली इतर मातृभाषी विद्यार्थीहय्ले जम्मा प्राप्ताङ्क २३.५, औसत प्राप्ताङ्क ०.७८ रहेको छ।

व्याकरणमा नेपाली भाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क ११४.५, औसत प्राप्ताङ्क ३.८२ र नेपाली इतर मातृभाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क ९५, औसत प्राप्ताङ्क ३.१७ रहेको छ । पठनबोधमा नेपाली भाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क ८५, औसत प्राप्ताङ्क २.८३ र नेपाली इतर मातृभाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क ७८.५, औसत प्राप्ताङ्क २.६२ रहेको पाइन्छ । निर्देशित लेखनमा नेपाली भाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क ३८, औसत प्राप्ताङ्क १.२७ र नेपाली इतर मातृभाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क २४.५, औसत प्राप्ताङ्क ०.८२ रहेको देखिन्छ । स्वतन्त्र लेखनमा नेपाली भाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क २४, औसत प्राप्ताङ्क ०.८० र नेपाली इतर मातृभाषी विद्यार्थीहय्का जम्मा प्राप्ताङ्क १५, औसत प्राप्ताङ्क ०.५ रहेको पाइन्छ ।

यसरी विषय क्षेत्र (शब्दभण्डार, वर्णविन्यास, व्याकरण, पठनबोध, निर्देशित लेखन, स्वतन्त्र लेखन) लाई आधारमानी समग्र नेपाली भाषी विद्यार्थीहय्ले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ३७५, औसत प्राप्ताङ्क १२.५ रहेको र समग्र नेपाली इतर मातृभाषी विद्यार्थीहय्ले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ३१६, औसत प्राप्ताङ्क १०.५३ रहेको छ । यसरी बहुभाषिक कक्षामा विद्यार्थीको भाषिक उपलब्धिलाई हेर्दा नेपाली भाषी विद्यार्थीहय्को तुलनामा नेपाली इतर मातृभाषी विद्यार्थीहय्को जम्मा प्राप्ताङ्क ५९ अङ्कले र औसत प्राप्ताङ्क १.९७ कमी रहेको पाइन्छ ।

निष्कर्ष

नेपालमा बहुभाषिक शिक्षा सम्बन्धी राज्यका विभिन्न नीति र योजनाहय निर्माण गरिएको तर प्रभावकारी रुपमा कार्यान्वयन नभएको देखिन्छ । भाषा सम्बन्धी संविधानमा व्यवस्था भए अनुरुप देशका हरेक क्षेत्रमा बहुभाषिक नीति निर्माण गरी लागू गराउनमा सम्बन्धित निकायहय्ले जोड नदिएको देखिन्छ । नीतिगत व्यवस्था भए पनि कार्यान्वयन पक्षअत्यन्तै फितलो रहेको पाउन सकिन्छ । संविधान, महासन्धी र अन्तराष्ट्रिय घोषणापत्रहय्मा गरिएको प्रतिवद्धताको राज्यले खासै चासो नदेखाएको देखिन्छ । बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन गर्न खोजिएता पनि बिचमा अलमलिएको पाउन सकिन्छ । अतः बहुभाषिक शिक्षामा राज्यका नीति र योजनाहरू खासै प्रभावकारी रुपमा कार्यान्यवन नभएको मान्न सकिन्छ । यस अध्ययनमा नमुनाको रुपमा छनोटमा परेका विद्यार्थीहरूलाई हेर्दा जम्मा विद्यार्थी सङ्ख्या ६० जनामा ३० जना नेपाली भाषी रहेको र बाँकी ३० जना अन्य भाषी (भोजपुरी, मैथिली, ठेठी, मगर, नेवार, राई, थामी, डोटेली, हिन्दी, लामा) बोल्ने भाषिक प्रयोक्ता रहेकाले उक्त कक्षामा जम्मा ११ वटा भाषीक प्रयोक्ता विद्यार्थीहरू भएकाले सहरी क्षेत्रमा अवस्थित सामुदायिक विद्यालयहरूका कक्षाहय बहुभाषिक रहेको पाइन्छ । उक्त कक्षामा राष्ट्रिय जनगणनामा उल्लेख नभएका ठेठी भाषा (४ जना) प्रयोग गर्ने विद्यार्थीहय पनि रहेका छन् । उक्त कक्षामा विद्यार्थीहय्को भाषिक उपलब्धिलाई हेर्दा समग्र नेपाली भाषी विद्यार्थीहय र नेपाली इतर मातृभाषी बिचमा तुलना गर्दा नेपाली भाषीभन्दा नेपाली इतर

मातृभाषी विद्यार्थीहय्को जम्मा प्राप्ताªक ५९ अªक र औसत प्राप्ताªक १.९७ ले कमी रहेको पाइन्छ । वस्तुतः बहुभाषिक कक्षाकोठामा नेपाली भाषी विद्यार्थीहरु नै भाषिक सिकाइ उपलब्धि स्तर राम्रो रहेको छ । नेपाली भाषी विद्यार्थीहरु भन्दा नेपाली इतर मातृभाषी विद्यार्थीहरु कमजोर रहेका छन् ।

सन्दर्भ सामग्रीहरू

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान* (छैटौँ संस्क.), रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७४), *भाषा शिक्षणका केही परिप्रेक्ष तथा पद्धति,* रत्न पुस्तक भण्डार ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७९), *नेपालको राष्ट्रिय जनगणना २०७८,* केन्द्रीय तथ्याङ्क विभाग ।

गिरी, जीवेन्द्रदेव (सन् २०१०), *नेपालको भाषा नीति,* त्रिभुवन युनिभर्सिटी जर्नल, २७ (१-२), (१८९-२०२) । http://dx.doi.org/10.3126/tuj.v27i1-2.26402

घिमिरे, बासुदेव (२०६५), *समाज भाषाविज्ञान,* वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

तामाª, अमृत योञ्जन र राई, माया (२०१३), *बहुभाषिक शिक्षा : नेपालमा अभ्यास र अनुभवको ७ वर्ष,* (स्लाइड) सेरिड, डिओइ एण्ड युनेस्का ।

तामाª, अमृत योञ्जन (२०७४), *संविधान भाषा, उपलब्धि र दायित्व,* नेपालको राष्ट्रिय भाषिक नीति तथा मातृभाषाको प्रयोग-विस्तार (गोष्ठी पत्र), आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

नेपाल सरकार, शिक्षा विभाग (२०६९), *मातृभाषामा आधारित बहुभाषिक शिक्षा परिचय पुस्तिका २०६९,* लेखक ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* कानुन किताब व्यवस्था समिति ।

पराजुली, उत्तरकुमार (२०७२), *बहुभाषिक शिक्षा : आवश्यकता र कार्यान्वयनमा चुनौती,* शिक्षक शिक्षा ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,* लेखक ।

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषा विज्ञान,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,* इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

फ्याक, प्रेम (२०६९), *विद्यालय शिक्षामा बहुभाषिकता,* हिमाल खबर पत्रिका, https://www.himalkhabar.com/news/131250

बम, सुरेन्द्र कुमार (सन् २०२२), *नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकता सोताª्ग इयर्ली पियर रिभ्यू जर्नल,* (वर्ष- ३, अङ्क-३), ६५-७३ ।

बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६), नेपाल सरकार शिक्षा मन्त्रालय ।

भण्डारी, पारसमणि र पौडेल, (२०७२), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय शिक्षा नीति, (२०७६), नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

राष्ट्रिय भाषा आयोग (२०७४), *भाषा आयोगको वार्षिक प्रतिवेदन, २०७४,* लेखक ।

राष्ट्रिय भाषा आयोग (२०७५), *भाषा आयोगको वार्षिक प्रतिवेदन, २०७५,* लेखक ।

राष्ट्रिय भाषा आयोग (२०७६), *भाषा आयोगको वार्षिक प्रतिवेदन, २०७६,* लेखक ।

राष्ट्रिय भाषा आयोग (२०७७), *भाषा आयोगको वार्षिक प्रतिवेदन, २०७७,* लेखक ।

राष्ट्रिय भाषा नीति सुझाउ आयोग (२०५०), *राष्ट्रिय भाषा नीति सुझाउ आयोगको प्रतिवेदन, २०५०,* लेखक ।

रिमाल, डिल्लीराम (२०७४), *सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको उपयोग सम्बन्धी अभ्यासहरूको उपयोग,* हिमालय प्रिन्टिङ्ग अफसेट प्रेस ।